# जिल्ला प्रहरी परिसर, काठमाण्डौ

मिति :२०८०।११।१२ गते

**Press Release**

## नाबालिका शिशु चोरी गर्ने महिला पक्राउ

**मिति २०८०।११।११ गते अन्दाजी ११:४०** बजेको समयमा काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ११ थापाथली स्थित **परोपकार प्रसूति गृह तथा स्त्रीरोग अस्पताल**को कम्पाउण्ड भित्रबाट जिल्ला काभ्रेपलान्चोक चौरी देउराली गाउपालिका वडा नं ३ स्थाई घर भई हाल कपन बस्ने बर्ष २२ कि सबिना श्रेष्ठले **२६ दिन**को आफ्नो **छोरी**लाई बोकि राखेको अवस्थामा एक अपरिचित महिला (अं बर्ष २८ /२९ की, रातो कुर्ता सुरुवाल लगाएकी घुम्टोले पुरै अनुहार छोपेको हुलिया भएको) ले **"नानी मलाई देउ म बोकी दिन्छु"** भनि मागेर बच्चा लिई फरार भएको भनि यस कार्यालयमा सुचना प्राप्त हुन साथ जिल्ला प्रहरी परिसर काठमाण्डौ, काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालय र यस कार्यालय मातहत समेतवाट प्रहरी टोली खटिई खोजतलास गर्दै जाँदा नाबालिका शिशु चोरीमा संलग्न जिल्ला दैलेख नौमुले गाउँपालिका वडा नं.१ घर भई काठमाण्डौ जिल्ला काँडाघारी बस्ने बर्ष २४ की **मन कुमारी सिंह**लाई शिशु सहित ऐ. **मिति २०८०/११/११/ गते राती २३:३९** बजेको समयमा निज बस्ने डेराकोठामा फेला पारेको, नाबालिका शिशुलाई उद्धार पश्चात अभिभावकको साथमा राखी उपचारको लागी काठमाण्डौ मेडिकल कलेज, सिनामंगल पठाई उपचार भईरहेको। घटना सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको।



चोरी गर्दै गर्दाको फोटो



बच्चा सहित फेला परेको अवस्थाको फोटो

सूचना अधिकारी
प्र.उ.नवराज अधिकारी
मो.नं.:-9851126983